म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१६ अङ्क:- ११५ २०८१ चैत ३ गते आइतबार 16 March 2025, Sunday - पृष्ठ ४ मूल्य रू. ५/-




### उपमहानगरले सञ्चालन गर्ने कानून क्याम्पस

## क्याम्पस प्रमुख नियुक्ति प्रक्रियामा न्यूनतम कानूनको पालना भएन

समाज संवाददाता

हेटौंडा : हेटौंडा उपमहानगरपालिकाले सञ्चालन गर्ने भनिएको सिद्धार्थ ल क्याम्पसमा क्याम्पस प्रमुख नियुक्तिको प्रक्रियामा न्यूनतम कानूनको पालना नगरिएको पाइएको छ । क्याम्पस प्रमुख नियुक्तिका लागि सिफारिस समिति गठन, क्याम्पस प्रमुख सिफारिसका लागि दिइएको जिम्मेवारी र सूचना प्रकाशनको विषयमा विरोधाभाषपूर्ण देखिएको छ ।

क्याम्पस सञ्चालक समितिको गत माघ २४ गते बसेको बैठकले क्याम्पस प्रमुख छनोटका लागि क्याम्पस प्रमुख छनोट तथा सिफारिस समितिलाई कार्यविधि बनाउने र सोही कार्यविधिअनुसार क्याम्पस प्रमुखका लागि ३ जनाको नाम सिफारिस गर्न दिने निर्णय गरेको पाइएको छ । क्याम्पस प्रमुख छनोटसम्बन्धी कार्यविधि बनाउने समिति आफैंले अनुमोदन गरेर क्याम्पस प्रमुखका लागि दरखास्त समेत आव्हान गरिसकेको छ। कानूनको न्यूनतम सिद्धान्ततः कर्ताले नै न्याय निरुपण गर्न मिल्दैन । समितिले फागुन १५ गते कार्यविधि अनुमोदन गरेर क्याम्पस प्रमुखका लागि दरखास्ता आव्हान गर्ने निर्णय गरेको छ । समितिले सिद्धार्थ ल क्याम्पस क्याम्पस सञ्चालन तथा व्यवस्थापन नियमावली, २०८० को नियम ३२ ले दिएको अधिकार प्रयोग गरी कार्यविधि तयार पारेको उल्लेख गरेको छ ।

यता सिद्धार्थ ल क्याम्पस क्याम्पस सञ्चालन तथा व्यवस्थापन नियमावली, २०८० ले भने क्याम्पसको ऐन, नियमन, विधान, विनियम, कार्यविधि, निर्देशिका, मापदण्डहरु स्वीकृत गर्ने काम, कर्तव्य र अधिकार क्याम्पस सभाको हुने व्यवस्था गरेको छ । नियमावलीअनुसार क्याम्पस सभाबाट स्वीकृत गर्नुपर्ने कार्यविधि क्याम्पस प्रमुख छनोट तथा सिफारिस समितिले आफैं स्वीकृत गर्नु कानून विपरित देखिन्छ। नगरप्रमुखको अध्यक्षतामा रहने क्याम्पस सञ्चालक समितिले नै क्याम्पस सभालाई नै बेवास्ता गर्दै समितिलाई आदेश दिने निर्णय भएको देखिन्छ ।

क्याम्पस प्रमुख छनोट तथा सिफारिस समितिमा संयोजकको जिम्मेवारी हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई दिइएको छ भने शिक्षा विकास महाशाखाका प्रमुख सीताराम कोइराला र उपमहानगरपालिकाको प्रशासन शाखाका लक्ष्मण मैनालीलाई सदस्य तोकिएको छ। उपमहानगरपालिकाले सञ्चालन गर्ने भनिएको क्याम्पस प्रमुख छनोट सम्बन्धी कार्यविधि अनुमोदन नै नगरी कार्यकारी अधिकृतको संयोजकत्वको समितिले स्वतः दरखास्त आव्हान गर्ने र ३ जनाको नाम सिफारिस गर्ने भन्ने निर्णय नै अस्वभाविक भएको कानून व्यवसायीको ठहर छ ।

वरिष्ठ अधिवक्ता केशवप्रसाद काफ्लेले कार्यविधिको संवेदनशीलतालाई ध्यान दिएर जिम्मेवार निकायबाट अनुमोदन गरेर मात्रै त्यसलाई कार्यान्वयनमा लैजानुपर्ने बताउनुभयो । 'उपमहानगरपालिकाले सञ्चालन गर्ने भनिएको क्याम्पसप्रति उपमहानगरका जनप्रतिनिधि, कर्मचारी, आम नगरवासीको सरोकारको विषय हुनुपर्छ । कार्यविधि पनि एउटा कानून नै हो । क्याम्पस प्रमुख नियुक्तिसम्बन्धी कार्यविधि क्याम्पस सञ्चालक समिति, क्याम्पस सभा, नगर कार्यपालिका वा नगर सभामध्ये कुनै एउटा आधिकारिक अंगबाट अनुमोदन गरेर सोही समितिलाई कार्यविधिअनुसार क्याम्पस प्रमुखका लागि तीन जनाको नाम सिफारिस गर्न भन्न सकिन्छ', वरिष्ठ अधिवक्ता काफ्लेले भन्नुभयो, 'कार्यविधि अनुमोदन नै नगरिनु, कार्यविधि बनाउन गठन गरिएको समितिले कार्यविधि बनाएर सोझै नाम सिफारिस गर्ने भन्ने निर्णय स्वभाविक देखिन्न ।'

क्याम्पस प्रमुख छनोट तथा सिफारिस समितिका संयोजक हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत भरत गौतमले आफू हालसालै सरुवा भएर आएकाले क्याम्पस सञ्चालन र प्रमुख नियुक्तिको विषयमा केही जानकारी नभएको बताउनुभयो। यता समितिको सदस्य समेत रहनुभएका हेटौंडा उपमहानगरपालिकाको शिक्षा महाशाखाका प्रमुख सीताराम कोइरालाले नगरप्रमुख अध्यक्ष, नगरउपप्रमुख उपाध्यक्ष रहने समितिले दिएको जिम्मेवारीअनुसार नै आफूहरुले क्याम्पस प्रमुख छनोटका लागि दरखास्त आव्हान गरिसकेको जानकारी दिनुभयो ।

कार्यविधि निर्माणको प्रक्रियामा सरोकारवाला, विज्ञ समूहसँग छलफल समेत भएको देखिँदैन । समितिले फागुन १५ गते एक सूचना प्रकाशित गरेर दरखास्त आव्हान गरेको छ । समितिले दरखास्त आव्हानका लागि सूचना प्रकाशनको प्रक्रियामा पनि ध्यान दिएको देखिँदैन । क्याम्पस प्रमुखका लागि दरखास्ता आव्हान गरिएको सूचना हेटौंडा उपमहानगरपालिकाको फेसबुक पेज र वेभसाइटमा मात्रै राखिएको छ । सार्वजनिक रुपमा पत्रिकामा सूचना प्रकाशन गरिएको छैन ।

क्याम्पस प्रमुख छनोट तथा सिफारिस समितिले क्याम्पस प्रमुखको उमेर ३० वर्ष पूरा भई ५५ वर्ष ननाघेको हुनुपर्ने उल्लेख गरेको छ । विश्वविद्यालय तहको अध्यापन हुने क्याम्पसमा सेवा गर्ने उमेरको सीमा ६३ वर्षको रहने व्यवस्था छ । सेवा अवधि कायम रहँदासम्म योग्यताअनुसार क्याम्पसको जिम्मेवारीमा रहन पाउने अधिकार रहन्छ । तर, समितिका सदस्य सीताराम कोइरालाले सेवा अवधि ६० वर्षको हुने र कम्तिमा क्याम्पस प्रमुखले पूरा कार्यकाल अर्थात् ५ वर्ष काम गर्न पाउन् भनेर ५५ वर्षको उमेर हक उल्लेख गरिएको बताउनुभयो । तर, सिद्धार्थ ल क्याम्पसका प्रमुखको कार्यकाल ४ वर्षको हुने व्यवस्था छ ।

हाल क्याम्पस प्रमुखको जिम्मेवारीमा रहनुभएका मोहनप्रसाद शर्मालाई जिम्मेवारी नदिने नियतसहित उमेर हद तोकिएको देखिन्छ। क्याम्पस स्थापना गर्न खटिएर लागेका व्यक्तिलाई निषेध गर्न कानून विपरित र मनलाग्दी ढंगले सिद्धार्थ ल क्याम्पस प्रमुख छनोट तथा सिफारिस समितिमार्फत काम भइरहेको छ। कानून पढाउन भनी स्थापना गरिएको क्याम्पसको सुरुवाती चरणमै कानून निरन्तर उल्लंघन र अपव्याख्या भइरहेको स्पष्ट छ ।

## प्रजातान्त्रिक युवा संगठनको अध्यक्षमा खत्री

समाज संवाददाता

हेटौंडा : राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) निकट राष्ट्रिय प्रजातान्त्रिक युवा संगठन मकवानपुरको अध्यक्षमा किशोर खत्री चयन हुनुभएको छ । शनिबार हेटौंडामा भएको संगठनको आठौं अधिवेशनले किशोर खत्रीलाई सर्वसम्मत अध्यक्ष चयन गरेको हो । अधिवेशनले खत्रीको अध्यक्षमा १७ सदस्यीय जिल्ला समिति चयन गरेको छ ।

राष्ट्रिय प्रजातान्त्रिक पार्टी युवा संगठनको पहिलो कार्यसमितिको बैठकले अन्य पदाधिकारीहरु जिम्मेवारी प्रदान गर्नेछ। संगठनको पहिलो बैठकले २ जना उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र सहसचिवको जिम्मेवारी प्रदान गर्ने खत्रीले बताउनुभयो। यसअघि अध्यक्ष खत्रीले संगठनको संयोजकको जिम्मेवारी सम्हाल्नुभएको थियो । युवा संगठनको अधिवेशन आयोजना गर्ने गरी खत्रीलाई गत भदौ २५ गते संयोजकको जिम्मेवारी प्रदान गरिएको थियो । नवनिर्वाचित पदाधिकारीहरुको कार्यकाल ३ वर्षको रहने छ। अधिवेशनको उद्घाटन अध्यक्ष खत्रीको सभाध्यक्षमा प्रतिनिधिसभा सदस्य दीपक बहादुर सिंहको प्रमुख आतिथ्यमा भएको हो। कार्यक्रममा राप्रपाका सहायक महामन्त्री प्रकाश रिमाल, बागमती प्रदेश सभा सदस्य ज्ञानुजंग लामा, केन्द्रीय संयोजक सुजित केसी र केन्द्रीय सदस्यहरुको उपस्थिति रहेको थियो ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

## प्याब्सन उपाध्यक्षमा आशिष र सहकोषाध्यक्षमा ग्रेस

समाज संवाददाता

हेटौंडा : निजी तथा आवसीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) को केन्द्रीय उपाध्यक्षमा मकवानपुरका आशिष श्रेष्ठ र सहकोषाध्यक्षमा ग्रेस श्रेष्ठ निर्वाचित हुनुभएको छ । काठमाडौंस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा बिहिबार सम्पन्न भएको प्याब्सनको १६ औं राष्ट्रिय महाधिवेशनबाट काठमाडौंकै कृष्ण अधिकारी अध्यक्षमा निर्वाचित हुनुहुँदा केन्द्रीय उपाध्यक्षमा मकवानपुरका आशिष श्रेष्ठ र सहकोषाध्यक्षमा ग्रेस श्रेष्ठ चयन हुनुभएको हो ।

प्याब्सन महाधिवेशनको उद्घाटन समारोह प्रधानमन्त्री केपी शर्मा ओलीको प्रमुख आतिथ्यमा भएको थियो । उपाध्यक्षतर्फ जम्मा १४०७ वटा मत खसेकोमा ७७८ मत प्राप्त गर्दै आशिष खुल्लातर्फको उपाध्यक्षमा निर्वाचित हुनुभएको हो भने ग्रेस सर्वसम्मत सहकोषाध्यक्षमा चयन हुनुभएको हो ।

...बाँकी पृष्ठ ३ मा




## माछा मार्न करेन्ट लगाउने इन्द्रलालकै करेन्ट लागेर मृत्यु

समाज संवाददाता

हेटौंडा : बिहीबार मनहरीमा करेन्ट लागेर मृत्यु भएका ३१ वर्षीय इन्द्रबहादुरलाई मोवाइल चार्ज गर्ने क्रममा नभई खोलामा माछा मार्ने क्रममा करेन्ट लागेर मृत्यु भएको खुलेको छ। बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार अनुसन्धानको क्रममा मोवाइल चार्ज गर्दा नभई इन्द्रलालको अवैध रुपमा करेन्ट लगाएर माछा मार्ने क्रममा करेन्ट लागेको थियो ।

माछा मार्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका इन्द्रलालको उपचार को क्रममा भरतपुरस्थित पुरानो मेडिकल कलेजमा बिहीबार नै मृत्यु भएको थियो । मकवानपुरको कैलाश गाउँपालिका-४ का इन्द्रलाल ८ महिनादेखि मनहरी-६, नयाँबस्तीमा आफन्तकोमा बस्दै आएका थिए। करेन्ट लगाएर माछा मार्नु गैरकानूनी र दण्डनीय अपराध भएका कारण इन्द्रलालका आफन्तले मोवाइल चार्ज गर्दा करेन्ट लागेको भनी प्रहरी बताएको देखिन्छ ।

मकवानपुर जिल्लाका खोला तथा नदिमा अवैध रुपमा करेन्ट लगाएर माछा मार्ने गरिए पनि स्थानीय प्रशासन र प्रहरीले आवश्यक कारवाही गरेको देखिँदैन । मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले करेन्ट लगाएर माछा मार्नु अवैध भएको र प्रहरीले माछा मारेको पाइए सम्झाई, बुझाई गरेर करेन्ट लगाएर माछा नमार्न भनी बताउने गरेको जानकारी दिनुभयो ।

जलचर संरक्षण ऐनमा उल्लेख भएबमोजिम कुनै व्यक्तिले पनि कुनै जलमा रहेको कुनै जलचरलाई समात्ने तथा मार्ने अभिप्रायले जानीजानी त्यस्तो जलमा वा त्यसको आसपासमा कुनै पनि विद्युतीय धार (करेन्ट), विस्फोटक पदार्थ वा विषालु पदार्थको प्रयोग गर्न हुँदैन । सो ऐनको उक्त प्रावधान उलङ्घन गर्ने वा गर्न दुरुत्साहन गर्ने व्यक्तिलाई छ महिनासम्म कैद वा पाँच हजार रुपियाँ जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ ।

स्थानीय प्रशासन, प्रहरीले कानून कार्यान्वयन गर्न नसक्दा अवैध रुपमा करेन्ट लगाएर माछा मार्ने क्रम जारी छ भने बेला बेलामा माछा मार्ने व्यक्ति नै करेन्ट लागेर मृत्यु भएका घटना सार्वजनिक हुने गरेको छ ।

हार्दिक बधाई



राष्ट्रिय प्रजातान्त्रिक युवा संगठन मकवानपुर जिल्ला कार्यसमितिको अधिवेशनबाट अध्यक्ष पदमा सर्वसम्मत निर्वाचित हुनुभएका हाम्रा मित्र/भाइ **किशोर खत्री**लाई हार्दिक बधाई एवम् सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

सुदीप गिरी
दिनेश बखेल
सरोज भण्डारी
विवेक कार्की

हेटौंडा-८, कमाने

## सम्पादकीय

# सबैको वार्षिक परीक्षा ठानौं

यतिबेला विद्यालय शिक्षाअन्तर्गत देशभर वार्षिक परीक्षाको लहर सुरु भएको छ । शैक्षिक सत्र २०८१ अन्तर्गत विद्यालय तहमा विभिन्न खण्डमा परीक्षा भइरहेको छ । कक्षा ८ को वार्षिक परीक्षा पालिकास्तरीय परीक्षाको रुपमा देशभर पालिकाहरुले आआफ्नो अनुकुलमा तालिका बनाएर सञ्चालन गर्दैछ । मकवानपुरको भीमफेदी, मकवानपुरगढी गाउँपालिका, थाहा नगरपालिकामा आधारभूत तहको परीक्षा सुरु भइसकेको छ । विद्यालय शिक्षा परीक्षा (एसईई) को तालिका राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरिसकेको छ । एसईई चैत ७ गतेबाट सञ्चालन हुँदैछ । कक्षा १२ को परीक्षा तालिका पनि राष्ट्रिय परीक्षा बोर्डले सार्वजनिक गरिसकेको छ । कक्षा-८, १० र १२ बाहेक अन्य पूर्वप्राथमिक तहदेखि कक्षा ११ सम्मको परीक्षा सम्बन्धित विद्यालयले नै सञ्चालन गर्नेछ । कतिपय पालिकाले भने ८, १० र १२ कक्षा बाहेक पूर्वप्राथमिक तहदेखि ११ सम्म नै एकरुपता कायम गर्ने गरी आवधिक र वार्षिक मूल्यांकन प्रणाली नै विकास गरेको देखिन्छ ।

विद्यालय या विश्वविद्यालय दुबै तहको मूल्यांकन पद्दति प्रभावकारी नभएको भन्दै निरन्तर आलोचना र समीक्षा समेत हुँदै आएको छ । यद्यपि हाम्रो परीक्षा प्रणालीमा उल्लेखनीय सुधार आउन सकेको छैन । ३ कक्षासम्म निरन्तर मूल्यांकन र उद्दार कक्षोन्नति प्रणाली लागु गरे पनि कार्यान्वयन पक्ष प्रभावकारी हुन सकेको छैन । विद्यालय तहको शिक्षाको मूल्यांकन गर्ने प्रमुख आधारको रुपमा एसईईको नतीजालाई हेर्ने गरिन्छ । एसईईको नतीजालाई महत्व दिइएकै कारण यस वर्ष सरकारले निक्कै सुधारिने गरी धेरै प्रतिशत विद्यार्थी उत्तीर्ण गराउने उद्घोष गरेको छ । तर, उद्घोष मात्रैले नतीजामा सुधार आउने अवस्था रहन्न । परीक्षाको नतीजा मात्रै नभएर समग्र शैक्षिक अवस्था, शैक्षिक संस्थाको भौतिक, आर्थिक, जनशक्ति, क्रियाकलाप, स्रोत, सामग्रीमा सुधार गरेर मात्रै विद्यार्थीको नतीजा, सिकाई उपलब्धी र शिक्षाको प्रभावको सुधार अपेक्षा गर्नु आवश्यक छ ।

यतिबेला परीक्षा आएलगतै मूलतः विद्यार्थीलाई राम्रो नतीजा प्राप्त गर्न परिवार, समाज, नेता, मन्त्री, पालिका प्रमुख, वडाध्यक्ष र आफन्तले दवाव दिइरहेका छन् । हेटौंडा उपमहानगरपालिकाका केही वडाध्यक्षले वडाका दुई वटा विद्यालयमध्ये एउटा विद्यालयमा पुगेर राम्रो नतीजा ल्याउने विद्यार्थीलाई नगदसहित सम्मान गरिने घोषणा गरेका छन् । दुईवटा विद्यार्थीलाई एक साथ राखेर पुरस्कारको घोषणा समेत गर्न नसक्ने वडाध्यक्षले पुरस्कारको घोषणाको औचित्य कसरी पुष्टि गर्लान् । यतिबेला विद्यार्थीलाई चौतर्फी दबाव दिइनु उचित होइन । सकिन्छ भने अहिले जे जस्तो अवस्था छ त्यही अवस्थामा सौहार्द्रपूर्ण वातावरणमा परीक्षा सम्पन्न गर्न, विद्यार्थीको उचित मूल्यांकन गर्ने तयारी गरेर आगामी शैक्षिक सत्रका लागि योजना बनाउने बेला हो । आगामी शैक्षिक सत्र २०८२ का लागि लक्ष्य निर्धारण गर्ने, वार्षिक कार्ययोजना तयार पार्ने विषयमा वडा, पालिका, जिल्ला, प्रदेश र राष्ट्रियस्तरका जिम्मेवार व्यक्तिहरु लाग्नु जरुरी छ । परीक्षाको एक साता अघि आएर यो या त्यो पुरस्कारको घोषणाले शैक्षिक सुधार होइन, शिक्षामा अराजकता मात्रै बढ्नेछ ।

वार्षिक परीक्षा विद्यार्थीको मात्रै होइन, अभिभावक, टोल, समुदाय, वडा, पालिका, जिल्ला, प्रदेश र राष्ट्रकै हो भन्ने बुझेर सबैले आआफ्नो तहमा सकारात्मक भूमिका निर्वाह गर्न जरुरी छ । विद्यार्थी प्राप्त गर्ने नतीजालाई अभिभावक, आफन्त, शिक्षक, विद्यालय व्यवस्थापक, वडा र पालिका सरकारले आफूलाई समीक्षा गर्नुपर्छ । विद्यार्थीको अंक कम आउँदा अभिभावकले आफ्नो भूमिका कमजोर भयो कि भनेर समीक्षा गर्नुपर्छ । शिक्षक, विद्यालय व्यवस्थापक, पालिकाका सम्बन्धित शाखाका कर्मचारी, वडा, पालिकाका प्रमुख, जनप्रतिनिधिले आफ्नो अवस्था कमजोर भयो समीक्षा गर्नु जरुरी छ । अन्यथा विद्यार्थीलाई मात्रै लोभ, लालच देखाएर परीक्षा सुरु हुनै लाग्दाका घोषणाले शैक्षिक सुधार हुन्न । वार्षिक परीक्षालाई सबैले आफ्नो पनि परीक्षा हो भनेर मनन् गर्ने वातावरण तयार गर्नु जरुरी छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : व्यापार–व्यवसाय मध्यमकारक मान्नुपर्दछ ।
**वृष** : राम रमाइलोमा समय व्यतित हुने समय छ ।
**मिथुन** : विवादास्पद जिम्मेवारी नलिँदा राम्रो हुन्छ ।
**कर्कट** : परीक्षा प्रतियोगिताबाट सफलता प्राप्त हुनेछ ।
**सिंह** : साझेदारी कामबाट त्यति लाभ नहुने देखिन्छ ।
**कन्या** : धार्मिक काममा सरिक भइने समय योग छ ।
**तुला** : आत्मबल र हिम्मतले काममा पूर्णता होला ।
**वृश्चिक** : सामाजिक र धार्मिक क्रियाकलापमा सरिक भइने छ ।
**धनु** : निर्णय गर्ने क्षमतामा वृद्धि हुने समय योग छ ।
**मकर** : लेखाई–पढाई ठिकै रहने समय योग रहको छ ।
**कुम्भ** : व्यापार–व्यवसायबाट राम्रो परिणाम प्राप्त हुनेछ ।
**मीन** : आनन्द र मनोरञ्जन प्राप्त हुने समय योग रहेको छ ।

## सडकमा पोखिएको जनमत

# असन्तुष्टिको विस्फोट कि राजसंस्थाको लोकप्रियता ?



बिशभ अधिकारी

गत हप्ता पूर्वराजा ज्ञानेन्द्रको सन्देश र पूर्वराजालाई स्वागत गर्न पुगेको भिडले मुलुकको राजनीतिमा ठूलो हलचल ल्यायो । राजा ज्ञानेन्द्रलाई स्वागतार्थ हजारौं जनता एयरपोर्टमा वरिपरि सहभागी भए । उत्साहजनक उपस्थितिले पूर्वराजाको पक्षमा एउटा ठुलो माहौल बनेको छ । राष्ट्रिय राजनीति समेत तरंगित हुन पुगेको छ । देशको हित हुन्छ भने ठिक छ त भनेर हाँसी हाँसी दरबार छाडेका राजाले देश बिग्रेको, भत्केको, भ्रष्ट्राचारको आहालमा डुबेको, जनता त्राहिमाम भएको अवस्थामा यो संकटबाट देशलाई मुक्त तुल्याउन हामीलाई साथ दिनुहोस् भन्ने आव्हानपछि नेपाली जनता राजालाई हाम्रो साथ सहयोग र समर्थन छ भन्ने देखाउन स्वतःस्फूर्त स्वागतार्थ एयरपोर्ट जम्मा भए । राजावादी दल, संघ, संस्था, आम नागरिक अन्य दलमा बिगत आबद्ध भएकादेखि सर्वसाधारणको उपस्थिति बाक्लो देखियो । अझ आन्दोलन गर्ने कि नगर्ने भन्ने दोधारमा रहेका राजावादीहरूका लागि त राजाको उद्घोष सन्जीवनी बुट्टी सरह भयो ।

को कट्टर राजावादी हुने प्रतिस्पर्धा सुरू भएको छ । यो दौडमा म पछि परिहाल्छु कि भन्ने डरले यिनको तछाड-मछाडको दृश्य उदेक लाग्दो छ । पूर्वराजा ज्ञानेन्द्र शाहको हालैको सन्देश र देशभर विभिन्न स्थानमा देखिएको राजसंस्था समर्थकहरूको भीडले नेपालको राजनीतिक भविष्यमा केही महत्वपूर्ण प्रभाव पार्ने देखिन्छ । पूर्वराजा ज्ञानेन्द्रको सन्देशको अर्थ राजनीतिक परिस्थितिमा परिवर्तन आउनसक्ने संकेतको रूपमा हेरिन्छ । उनका पछिल्ला भनाइमा वर्तमान संविधान र शासन व्यवस्था प्रति असन्तुष्टि छ । प्रजातान्त्रिक शासन व्यवस्थाले जनताको अपेक्षा अनुसार काम गर्न नसकेको राजाको बुझाई हो ।

राजसंस्था प्रतिको समर्थनमा वृद्धि भएको महसुस गर्दै उनले आफ्नो सन्देशमार्फत राजसंस्था पुनर्स्थापनाका लागि बढ्दो जनसमर्थनलाई इंगित गरेका छन् । नयाँ शक्ति सन्तुलनको रूपमा दलहरू असफल हुँदै गएको निश्कर्ष निकाल्दै उनले आफू वैकल्पिक नेतृत्वको रुपमा प्रस्तुत हुने प्रयास गरेका छन् । अहिले दलहरुप्रति चरम बितृष्णा छ । जनताले विश्वसनीय विकल्प पक्कै पनि खोजेका छन् । राजा जो निरन्तर जनतासँग साक्षात्कार गरिर हेका छन् राजालाई देशको दूरावस्था प्रतिको चिन्ता स्वभाविक रहन्छ नै । बढ्दो सामाजिक असन्तोष, महँगी, बेरोजगारी, कुशासन र भ्रष्ट्राचारले गर्दा वर्तमान व्यवस्थाप्रति जनता निराश भएका छन् । निरन्तरको राजनीतिक अस्थिरता बारम्बार सरकार परिवर्तन, आन्तरिक कलह र नेतृत्वमा स्थायित्वको अभावले राजसंस्था प्रति पुनः आकर्षण बढाएको तथ्यलाई नकार्न सकिँदैन । त्यतिमात्र होईन संविधान र संघीयता प्रतिको असन्तुष्टि पनि चरम ढंगले बढ्दै छ । आम मानिस संघीयता खारेजीको पक्षमा दृढतापूर्वक उभिएका छन् । राजा चाहिन्छ भन्ने जमातमा हिन्दू राष्ट्रको मुद्दाले पनि आकर्षित गरेको देखिन्छ । पूर्वराजाको पक्षमा देखिएको भिडले ठूला भन्ने दलहरूलाई ठूलो दवाव बढेको देखिन्छ । गणतन्त्रको पक्षधर राजनीतिक दलहरूमा ठूलो हलचल आएको देखिन्छ । माओवादीले त आफ्ना घोषित कार्यक्रम नै स्थगित गरेर प्रचण्डले राजधानस फर्किएर पदाधिकारी बैठक नै राखे । कांग्रेस-एमालेमा पनि सानो तिनो भूकम्प नै गएको छ । शिर्ष नेताहरूको सल्लाहपछि नै हुनसक्छ अहिले सरकारले निषेधाज्ञा जारी गरेको छ । केहि निर्धारित ठाउँमा पाँच जना भन्दा बढि जम्मा हुन नपाइने, सभा विरोध जुलुस गर्न प्रतिबन्ध लगाउनुले सरकार हतास भएको देखिन्छ । यसको मतलव गणतन्त्रवादी कमजोर भए सिद्धियो भन्ने होईन ।

वैधानिकरूपमा जनमत गणतन्त्रको पक्षमा छ । गणतन्त्रवादीकै अत्याधिक बहुमत संसद छ । अर्को जनमत वा आन्दोलनले नयाँ जनादेश नआउँदासम्म गणतन्त्र कमजोर भैसक्यो भन्ने दृष्टिकोण सर्वथा अनुचीत देखिएला । तथापि जनता ईतिहासका निर्माता हुन् । जनताले चाहे शक्तिशाली शासकहरू धरासायी भएको उदाहरण छ । भर्खर बंगलादेशमा शेख हसिनाको दुईतिहाइ सरकार देश छाडेर भाग्नु पर्‍यो । श्रीलंकामा चरम आर्थिक सङ्कटपछि लाखौं जनता सडकमा उत्रिए । बढ्दो मुद्रास्फीति, इन्धन र खाद्य अभावका कारण जनता आक्रोशित भए । जनआन्दोलनले राष्ट्रपति गोटाबाया राजपाक्षे देश छोड्न बाध्य भए भने प्रधानमन्त्री महिन्दा राजपाक्षेले राजीनामा दिए । जनता राष्ट्रपति कार्यालय भित्र पसे । सूडानमा ३० वर्षभन्दा लामो समयसम्म शासन गरेका ओमार अल-बशिरलाई जनआन्दोलनपछि सेनाले पदच्युत गर्‍यो । सरकारको भ्रष्ट्राचार र महँगीविरुद्ध सुरु भएको आन्दोलन बिस्तारै सत्ताच्युत गर्ने स्तरसम्म पुग्यो । इरानमा महसा अमिनीको हिजाब सम्बन्धी विवादका कारण मृत्यु भएपछि महिलाहरुको नेतृत्वमा विशाल आन्दोलन भयो । यसले सरकारलाई ठूलो दबाबमा पार्‍यो र केही कठोर कानुनहरू परिवर्तन गर्न सरकार बाध्य बन्यो ।

तसर्थ जनताको ताकतको अगाडि कसैको केहि लाग्दैन । गणतन्त्रवालाले पनि बदलिँदो परिस्थितिलाई बुझ्न जरुरी छ । दलहरू सच्चिनु आवश्यक छ । अन्यथा उनीहरु कमजोर बन्ने सम्भावना छ । यस्तो पृष्ठभूमिमा नयाँ पार्टीहरू वा गठबन्धनहरू राजसंस्थाको मुद्दालाई लिएर अगाडि आउन सक्छन् । अहिलेको संविधान अनुसार राजसंस्थाको पुनर्स्थापना सम्भव छैन, तर यदि जनस्तरबाट अत्यधिक दवाव भयो भने संविधान संशोधनको सम्भावना रहन्छ । वा आन्दोलनले संविधान र व्यवस्था समाप्त हुन सक्छ वा जनमतसंग्रहको सम्भावना रहन्छ । यो सडक आन्दोलनले अझ राजसंस्था पुनर्स्थापनाभन्दा पनि हिन्दू राष्ट्रको माग तुलनात्मक रुपमा राजनीतिक रूपमा सहज एजेन्डा हुनसक्छ ।

यदि राजनीतिक दलहरूले हिन्दू राष्ट्रको पक्षमा नरम नीति अपनाए भने यसले ज्ञानेन्द्र शाहका समर्थकहरूलाई बल पुग्न सक्छ । आगामी दिनमा राजावादी दलको भूमिका यिनी बीचको एकताले पनि धेरै विषय निर्धारण गर्छ । तर तीन तिर फर्केका राप्रपा, राप्रपा नेपाल र दुर्गा प्रसाइँहरु अहंकारका भकारी हुन् । राजाको नाम जपेर गणतन्त्रको तर खान पल्केकाहरु, किन अलग थलग पसल खोलेर बसेका छन् ? यिनलाई सत्ताको स्वाद राम्रोसँग थाहा छ । तसर्थ यिनमा अझै सत्ताको धङधङि त छ । राजा, हिन्दू राष्ट्र, संघीयता खारेजीको मागसहितको आन्दोलन त्यति सहज छैन । यसका लागि काठमाडौं केन्द्रित ठूलो जनप्रदर्शन चाहिन्छ, लाखौं मानिस सडकमा उतार्न सक्नुपर्छ । सबैलाई गोलबद्ध गर्न नसक्ने सानो चित्त बोकेका नेतृत्वले कसरी राजा ल्याउलान् ? तिनलाई मिलाउन पनि राजाले नै भन्दिनूपर्ने यस्तो कमजोर नेतृत्वले राजा किमार्थ ल्याउँदैन । पूर्वराजा ज्ञानेन्द्रको सन्देश र राजसंस्थाको पक्षमा देखिएको जनलहरलाई सामान्य रुपमा लिन सकिँदैन । यदि वर्तमान सरकार र राजनीतिक दलहरुले जनताको असन्तोष सम्बोधन गर्न सकेनन् भने राजसंस्थाप्रतिको समर्थन अझै बढ्ने सम्भावना छ । यद्यपि, तत्काल राजसंस्थाको पुनर्स्थापना सम्भव नदेखिए पनि यसबारेको बहस अझ बलियो हुन सक्छ । आगामी चुनावमा यो विषय एउटा महत्वपूर्ण राजनीतिक मुद्दा बन्नसक्छ । गणतन्त्रवाला दलहरूले पनि गणतन्त्रकको पक्षमा ठूलो जनप्रदर्शन गर्ने तयारी गरिरहेको बुझिन्छ ।

पूर्वराजा ज्ञानेन्द्र शाहको लोकप्रियता हाल राजनीतिक रूपमा छलफलको विषय बनेको छ । विशेषगरी उनका सार्वजनिक दौड र अभिव्यक्तिपछि । नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्रजस्ता प्रमुख दलहरूले यसलाई कसरी सामना गर्छन् भन्ने कुरामा केही सम्भावित रणनीतिहरू यस्ता देखिन्छन् । दलहरू लोकतान्त्रिक उपलब्धिको पुनः व्याख्या गर्न सक्छन् । २०६२/६३ को जनआन्दोलनपछि स्थापित लोकतान्त्रिक व्यवस्थाको उपलब्धिहरूलाई जोड दिन सक्छन् । संविधान, संघीयता, गणतन्त्र र मौलिक अधिकारहरूलाई प्रमुख रूपमा प्रस्तुत गरेर राजतन्त्रको पुनरागमन अनावश्यक रहेको जनमत निर्माण गर्न सक्छन् । पूर्वराजाको लोकप्रियता बढ्नुको मुख्य कारण मध्ये एक हो बढ्दो असन्तोष, बेरोजगारी, महँगी र भ्रष्ट्राचार । कांग्रेस, एमाले र माओवादीले ठोस आर्थिक सुधार कार्यक्रम ल्याएर जनताको विश्वास जित्न सक्छन् । युवा पुस्ता परिवर्तनशील हुन्छ र उनीहरु ठूलो संख्याले सामाजिक सञ्जालमा पूर्वराजाको समर्थन गरिरहेका देखिन्छन् । राजनीतिक दलहरूले आधुनिक एजेन्डा, रोजगारी सिर्जना, प्रविधि केन्द्रित नीतिहरु ल्याएर उनीहरुलाई आकर्षित गर्न सक्छन् ।

पूर्वराजाको पुनरुत्थान प्रयासलाई कमजोर बनाउने अर्को उपाय भनेको विगतका राजतन्त्रकालीन त्रुटिहरू उजागर गर्नु हो । पंचायतकाल र ज्ञानेन्द्रको प्रत्यक्ष शासनकालका विफलताहरू (लोकतन्त्र हनन, प्रेस दमन, मानवअधिकार उल्लंघन) पुनःस्मरण गराउने प्रयास हुन सक्छ । पूर्वराजा र उनका समर्थकहरूले राष्ट्रवादको नारालाई बलशाली बनाउँदै लगेका छन् । कांग्रेस, एमाले र माओवादीले पनि नेपाल केन्द्रित आर्थिक वृद्धि, साँस्कृतिक पहिचान र सार्वभौमसत्तालाई सुदृढ पार्ने नीति ल्याएर यो मुद्दालाई पुनःपरिभाषित गर्न सक्छन् । राजाको मुद्दा प्रवल भएर आएपछि अब सुधारको विषय देख्न थाल्नु भनेको आचि गरिसके पछि दैलो देख्नू हो ।

गणतन्त्र स्थापित भएको करिब बीस वर्ष पुग्न लाग्दा पनि माथि उल्लेखित कुनै काम गर्न असमर्थ रहेका दलहरूको क्रियाकलापको कारण राजालाई जनताले आशा र विकल्पको रुपमा हेरेका हुन्, अरू कुनै कारणले होइन । दलप्रतिको तीव्र वितृष्णाबाट सिर्जित आजको जनमत हो । तसर्थ जनता अब राजा आउ देश बचाउ होईन जनता सडकमा आउ राजा ल्याउ, देश बचाउ भन्ने परिस्थितिमा पुगे । राजावादी दल, संघ, संस्थाहरुको बीच न त ऐक्यवद्धता छ न तिनीहरू राजा ल्याउन उत्साहित छन् । यस्तो अवस्थामा राजाको अग्रसरतामा अब जनता नै सडकमा आएर गरिने आन्दोलनले नयाँ नेतृत्व स्थापित गर्दछ । सम्भवतः त्यहि नेतृत्वले राजासहितको लोकतन्त्र वा राजालाई स्पेश दिने वातावरण निर्माण हुन सक्छ । अस्तू ।

# सुस्ताएको सदरमुकाम



मेघराज शंकर

कुनैबेला व्यापार, बजार, राजनीति र प्रशासनको केन्द्र मानिने जिल्ला सदर मुकाम अहिले सुनसान बन्दै गएको छ ।

सदरमुकामको अधिकार हिजोआज पालिका केन्द्र र ग्रामीण तहमा पुगेको छ । संघीय शासन प्रणाली, यातायात सञ्जाल र निजी क्षेत्रको विस्तारले स्थानीय तहलाई बढी सबल बनाउँदै लगेको छ । यस सँगै बसाइँसराइले पनि पहाडी सदरमुकाममा चहलपहल कम छ ।

एक समय यस्तो थियो जिल्ला सदर मुकामलाई जिल्लाभरिको प्रशासनिक र व्यापारिक केन्द्र मानिन्थ्यो । गाउँ विकास समिति र वडा कार्यालयमा बजेट तथा विकास योजनाका माग लिएर आउने जनप्रतिनिधि र उनीहरुसँगै आउने कार्यकर्ता र जिल्लामा काम विशेषले आउने स्थानीय जनताको जिल्ला सदरमुकाम आउने बाटोमा लर्को हुन्थ्यो । सदरमुकामको बजार भरिभराउ हुथ्यो । कार्यालय आसपासका चिया पसलदेखि लिएर होटलहरूको व्यापार भ्याइनभ्याइ हुन्थ्यो ।

एक पूर्वजनिप्रतिनिध भन्छन्- 'पहिले गाविस उपाध्यक्ष थिएँ । त्यो बेला गाउँदेखि जिल्ला आउँदा मेरो साथमा स्थानीय कार्यकर्ता र सर्वसाधारण गरी एकपटकमा साठी जना जति हुन्थ्यौं । त्यही बेला जिल्लामा आएर प्रशासनिक कामदेखि लिएर किनमेलको काम हुन्थ्यो । त्यतिबेला गाउँमा दैनिक उपभोग्य सामग्रीको पसल कम थियो । लत्ता कपडाको त पसलहरु नै थिएन । अझ नुन तेल जस्ता अत्यावश्यक उपभोग्य सामग्री सदरमुकाममा मात्र पर्याप्त थियो । त्यसैले पनि मान्छे सदरमुकाम आउनै पर्ने बाध्यता थियो ।

गाउँदेखि आएर सदरमुकाममै होटल व्यवसाय गर्दै आएकी एक जना महिला उद्यमी भन्छिन्, 'पहिले गाउँमा बजार नहुँदा र यसो राम्रो लुगा लगाएर कतै जाउँ भन्दा पनि सदरमुकाम नै हुन्थ्यो । उ बेला सदरमुकाममा हाट लाग्थ्यो । हाटको बेला टाढाटाढा माइती हुने हामी छोरी मान्छेलाई माइती भेट्ने मौका पनि हुन्थ्यो । हाटमा घरमा फलाएको सब्जी तरकारी वा घिउ पनि बेच्न हुने अनि आफन्त पनि भेट्न पाइने । त्यसबेला गाउँबाट हाट भर्न सदरमुकाम आउने मान्छेको लर्को हुन्थ्यो । टाढाटाढाबाट आउनुपर्ने भएकोले एकअर्का साथी बनेर बजार आउने चलन थियो । तर अहिले मोटर बाटो पुगेकोले छोरी मान्छे माइती भेट्न सदरमुकाम आउनु पर्दैन सिधै माइती गए भैहाल्यो ।'

उनले भने जस्तै स्थानीय जनताले

...बाँकी पृष्ठ ३ मा

# नेपाली विषयमा सर्वोत्कृष्ट नतीजा ल्याउने प्रतीक र साक्षी सम्मानित




*प्रतीक र साक्षीलाई पुरस्कृत गरेपछि खिचिएको सामूहिक तस्वीर।*

**समाज संवाददाता**

हेटौँडा : कक्षा-१२ को वार्षिक परीक्षामा अनिवार्य नेपाली विषयमा सर्वोत्कृष्ट नतीजा ल्याउने २ जना विद्यार्थी सम्मानित भएका छन्। शनिबार नेपाली लेखक संघको नवौं वार्षिक साधारण सभा तथा चौथो अधिवेशनको अवसरमा आयोजित कार्यक्रममा कक्षा-१२ को वार्षिक परीक्षामा नेपाली विषयमा सर्वोकृष्ट नतीजा ल्याउने हेटौँडा-४ स्थित हेटौँडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेसका छात्र प्रतीक ढुङ्गाना र साक्षी कुमारी लाललाई सम्मान गरिएको हो।

मकवानपुर जिल्लाका माध्यमिक विद्यालयहरूबाट कक्षा १२ को वार्षिक परीक्षामा अनिवार्य नेपाली विषयमा सर्वोत्कृष्ट नतिजा प्राप्त गरेका प्रतीक र साक्षीलाई दामोदर-लोकप्रिया स्मृति पुरस्कार-२०८० बाट जनही ११ हजार रूपैयाँ नगद पुरस्कार प्रदान गरिएको छ। विष्णु गौतम र माधवप्रसाद पोखरेलले आफ्नो पूर्वजहरूको स्मृतिमा स्थापना गर्नुभएको पुरस्कार लेखक संघ मकवानपुरले वार्षिक रूपमा विद्यार्थीलाई प्रदान गर्दै आएको छ।

नेपाली लेखक संघका केन्द्रीय सदस्य हयग्रीव आचार्यको प्रमुख आतिथ्यमा तथा संघका अध्यक्ष छवि अनित्यको सभाध्यक्षतामा सम्मान कार्यक्रम भएको हो। अधिवेशनको उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै केन्द्रीय सदस्य आचार्यले सहित्यकारले साहित्यको माध्यमबाट समस्या समाधानको उपायको बारेका जानकारी गराउन आवश्यक रहेको बताउनुभएको छ। हरेक व्यक्ति फरक-फरक पार्टीमा आस्था राखेपनि नकारात्मक कुरालाई न्यूनीकरण गर्नुपर्ने उहाँले बताउनुभयो।

अध्यक्ष छवि अनित्यले ३ वर्षको अवधिमा गरेको कामको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। कार्यक्रममा हरिप्रसाद पौडेल, देवराज तिवारी, केशव समर्पण सुवेदी, ज्योत्सना श्रेष्ठ, सानु खनालले रचना वाचन गरेका थिए। सम्मान कार्यक्रममा हेटौँडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सीपल पुरन बहादुर जोशी लगायत साहित्यकारको उपस्थिति रहेको थियो।

# अक्षयकोष निर्माणका लागि महायज्ञ गर्ने

**समाज संवाददाता**

हेटौँडा: हेटौँडा-९, लामसुरेस्थित मानसेवा आश्रमले श्रीमद् भागवत सप्ताह ज्ञान-विज्ञान महायज्ञ गर्ने भएको छ। चैत १७ गतेदेखि २४ गतेसम्म हेटौँडाको मानवसेवा आश्रमले श्रीमद् भागवत सप्ताह महायज्ञ कार्यक्रमको आयोजना गर्ने भएको हो।

मानवसेवा आश्रमको मुख्य कार्यालयमा शुक्रबार पत्रकार सम्मेलनको आयोजना गर्दै आश्रमका अध्यक्ष रामजी अधिकारीले १० करोडको अक्षयकोष निर्माणका लागि सप्ताह लगाउन लागेको जानकारी दिनुभएको छ। आश्रमको क्षमताको अभिवृद्धि एवम् आर्थिक सहयोग जुटाउने, मानव प्रवर्धनमा टेवा पुर्‍याउने उद्देश्यले सप्ताह लगाउन लागिएको अध्यक्ष रामजी अधिकारीले बताउनुभयो। सप्ताहको स्थानबारे पछि निर्णय गरिने उहाँले बताउनुभयो।

आश्रमको क्षमताको विकासका लागि संघ संस्थाहरुसँग सहकार्य गरेर किचेन कोल्डस्टोर सहितको भवन निर्माण गर्न, सहयोगापेक्षी सडक आश्रित मानवमुक्त प्रदेश निर्माण गर्न, आगामी वर्षसम्ममा सडक आश्रित मानवमुक्त राष्ट्र निर्माणको संकल्प पूरा गर्नका लागि महायज्ञ कार्यक्रमको आयोजना गर्न लागिएको उहाँले बताउनुभयो। चैत १७ गते पहिलो दिन हेटौँडा-१० स्थित गोरक्षधामबाट बाजागाजा, साँस्कृतिक झाँकी, शंखनाद, भजनकीर्तनसहित हेटौँडा बजारको परिक्रमा गरेर कार्यक्रमको उद्घाटन गरिने उहाँले बताउनुभयो। चैत १८ गतेदेखि २४ गतेसम्म बिहान ५ बजेदेखि ७ बजेसम्म पतन्जली योग समिति, जीवन विज्ञान, द आर्ट अफ लिभिङ, मोक्षपथ फाउण्डेशन लगायतको संघ, संस्थासँग सहकार्य गरेर स्वास्थ्य शिविर गरिने उहाँले बताउनुभयो।

युवासँग सकारात्मक सोच, मानवता प्रवर्धन एवम् युवासँग अन्तरिक्रया कार्यक्रम, महायज्ञको अवधीभर निःशुल्क स्वास्थ्य शिविर कार्यक्रम, बिहान ११ बजेदेखि ४ बजेसम्म प्रत्येक दिन भावगत भाष्कर कमलनयन गौतम कथा प्रवचन कार्यक्रमको आयोजना गरिने उहाँले बताउनुभयो। मानवसेवा आश्रममा १ सय ४७ जना पुरुष, ६३ जना महिला र २८ जना बालबालिका गरी २ सय ३८ जना आश्रित रहेको उहाँले बताउनुभयो। यसअघि चितवन, लामजुङ, पोखरा, बुटवल, दाङ, सुर्खेर धनगढीमा सप्ताह महायज्ञ लगाइसकेकोमा १० औं महायज्ञ हेटौँडामा गर्न लागेको उहाँले बताउनुभयो।

# हावाहुरीले थाहा नगरपालिकाका ८६ घरको छानो उडायो



*थाहा नगरपालिकामा हावाहुरीले छानो उठाएको एक घर।*

**समाज संवाददाता**

हेटौँडा : मकवानपुरको थाहा नगरपालिकामा बिहीबार हावाहुरीले ८६ वटा घरको छानो उडाएको छ। हावाहुरीसँगै भारी असिना पानीले खाद्यान्न, तरकारी तथा फलफूल बालीमा क्षति पुगेको छ।

हावाहुरीले ८६ वटा घरको जस्ताको छानो उठाएको नगरपालिकाका प्रमुख विष्णु बहादुर विष्टले जानकारी दिनुभएको छ। भारी वर्षाको कारणले नगरपालिकामा अन्न, बाली टनेलहरु बिग्रिएको नगरप्रमुख विष्टले बताउनुभयो। हावाहुरी र असिना पानीले पुर्‍याएको क्षतिको विवरण संकलन भइनसकेको उहाँले बताउनुभयो। कृषिबालीमा ठूलो क्षति पुर्‍याएको उहाँले बताउनुभयो।

पालिकाले क्षतिको विवरण संकलन गर्ने कार्यमा लागिरहेको उहाँले बताउनुभयो। पालिकाको वडा नम्बर-३, वडा नम्बर-४ र वडा नम्बर-५ को घरको छानो तथा बालीमा नोक्सानी पुगेको छ। हावाहुरीले पूर्ण क्षति भएको घर पुननिर्माणमा पालिकाले सहयोग गर्ने उहाँले बताउनुभयो। नगरप्रमुख विष्टका अनुसार हावाहुरीले क्षति पुर्‍याएको घर मर्मत गरी खर्च विवरण पालिकालाई बुझाएपछि मर्मत खर्च वापतको रकम प्रदान गरिनेछ।

# आत्महत्या न्यूनीकरण गर्न इन्द्रसरोवरमा धार्मिक प्रवचन



*महायज्ञमा प्रवचन सुन्दै स्थानीय।*

**समाज संवाददाता**

हेटौँडा : मकवानपुरको इन्द्रसरोवर गाउँपालिकामा ३ दिने वृहत धार्मिक प्रवचन महायज्ञ, शान्ति पूजा एवम् वाङ् अभिषेक सम्पन्न भएको छ। इन्द्रसरोवर गाउँपालिका २ नम्बर वडा कार्यालयको आयोजनामा फागुन २७ गतेखि सुरु भएर २९ गतेसम्म महायज्ञ सञ्चालन भएको हो।

महायज्ञमा धर्मगुरु सर्वोजित गोङवा तामाङले प्रवर्चन, कथावाचन गर्नुभएको वडाध्यक्ष सुमन श्रेष्ठले जानकारी दिनुभएको छ। वडा कार्यालयको एक लाख ५० हजार रुपैयाँको बजेटमा गाउँपालिकामा चेतना प्रभाव गर्नका लागि पहिलो पटक महायज्ञको आयोजना गरेको वडाध्यक्ष सुमन श्रेष्ठले बताउनुभयो। महायज्ञको उद्घाटन बागमती प्रदेशका संस्कृति, पर्यटन तथा सहकारी मन्त्री विमल ठकुरीले गर्नुभएको थियो।

नेपालमा जन्मिएका गौत बुद्धलाई नचिन्ने, देशमा जन्मेको भगवानलाई नमानेको नेपालमा आत्महत्याको घट्न बढेकोले पूजाको आयोजना गरिएको उहाँले बताउनुभयो। हरेक प्राणीको जन्म, मृत्यु, संसारमा जन्मलिनुको कारणको बारेमा बुझाउन र मानिसमा सकारात्मक सन्देशको प्रभाव गराउनका लागि महायज्ञको आयोजना गरिएको उहाँले बताउनुभयो। मृत व्यक्तिको आत्माको शान्तिको कामना गर्न, जन्मलाई आफैले मार्नु हुन्न भन्ने चेतना फैलाउन, मानिसहरु नैराश्यतातर्फ गइरहेको कुरालाई मूल्याङ्कन गरेर त्यसलाई न्यूनीकरण गर्न, बौद्ध धर्म मासिदै गएकोले त्यसलाई रोक्न, युवा पिढीहरु कुलतमा लाग्दै गएको बौद्धको मार्ग दर्शनमा हिँडाउन, आफूमाथि आत्मविश्वास बढाउन र विकृति, विसंगतिलाई समाधान गर्नका लागि कार्यक्रम गरेको उहाँको भनाई छ। महायज्ञमा दैनिक २ हजार भक्तजनको उपस्थिति रहेको उहाँले बताउनुभयो।

# थाहा नगरका हावाहुरी पीडितलाई रेडक्रस सोसाइटीको सहयोग



*हावाहुरीले घरको छानो उडाएको परिवारलाई त्रिपाल हस्तान्तरण गरिँदै।*

**समाज संवाददाता**

हेटौँडा : मकवानपुरको थाहा नगरपालिकाका हावाहुरी पीडितलाई नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा मकवानपुरले सहयोग गरेको छ। शुक्रबार रेडक्रस सोसाइटी जिल्ला शाखा मकवानपुरकी मन्त्री सुमीत्रा काफ्लेको नेतृत्वमा थाहा नगर-३ र ४ का हावाहुरी पीडित परिवारलाई त्रिपाल सहयोग गरेको हो।

बिहीबार हावाहुरीले छाना उडाएपछि पीडित भएका घरपरिवारलाई त्रिपाल सहयोग गरिएको रेडक्रस मकवानपुरकी मन्त्री सुमीत्रा काफ्लेले जानकारी दिनुभएको छ। मन्त्री काफ्ले सहितको टोली थाहा नगरपालिकामै पुगेर त्रिपाल हस्तान्तरण गरिएको हो। पालिकाकाले सहयोग नगरेसम्म निश्चित समयको लागि केही सहयोग पुगोस भन्ने उद्देश्यले त्रिपाल वितरण गरेको उहाँले बताउनुभयो। हावाहुरीले क्षती पुर्‍याएको समयमा घरको छानो पूर्णरुपमा मर्मत नभएसम्म व्यवस्थापन नहुँदाको समयसम्म सहयोग पुर्‍याउने लक्ष्य लिएको उहाँले बताउनुभयो। त्रिपाल हस्तान्तरण कार्यक्रममा रेडक्रस सोसाइटीका कार्यालय प्रमुख रामजी खतिवडाको पनि उपस्थिति रहेको थियो।

## सुस्ताएको...

सदरमुकामलाई आफन्तजन भेटघाटको संयोग पनि बनाउने गर्थे। यसरी सामाजिक र पारिवारिक रूपमा पनि कुनैबेला स्थानीय नागरिकहरूको लागि विभिन्न अवसरको माध्यम बनेको थियो सदरमुकाम तर समयक्रमसँगै भएको विकासले संभावना र अवसरको पनि स्थानीयकरण र स्थानान्तरण भएको छ।

प्रशासन र सेवा प्रवाहको दृष्टिकोणले पनि पहिले जस्तो छैन जिल्ला सदरमुकाम। संघीयता आउनुअघि जिल्लाको सिडिओ कार्यालय, एलडिओ कार्यालय भनेपछि निकै आकर्षक र शक्तिको केन्द्र मानिन्थ्यो।

जिल्लामा यी पदमा रहनेको निकै दबदबा थियो। अहिले सिडिओको भूमिका र आकर्षण पहिले जस्तो छैन। धेरै सार्वजनिक सेवा स्थानीय तहबाटै प्रवाह हुन थालेपछि जिल्ला प्रशासनमा पनि नागरिकता लिन आउने बाहेक उति धेरै चहलपहल छैन। अर्कोतर्फ मर्यादाक्रममा पनि सिडिओभन्दा जनप्रतिनिधिलाई माथि राखिएको र नागरिकमा आएको जागरणले सिडिओको भूमिका पहिलेजस्तो एकतर्फी हाइदुहाइ देखिँदैन। अझ उबेलाको एलडिओ भनेपछि विकास आयोजनाको दाता नै मानिन्थ्यो तर हिजोआज तत्कालीन जिल्ला विकास समिति जिल्ला समन्वय समिति र तत्कालीन एलडिओ पद जिल्ला समन्वय अधिकारीमा परिवर्तन भएको छ।

अहिले जिल्ला समन्वय समितिको कार्यालय प्रायः सुनसान जस्तै छ। यो कार्यालयमा न त प्रत्यक्ष सेवाग्राहीको आगमन हुन्छ त पदाधिकारी र कर्मचारीको सक्रियता नै देखिन्छ। जिल्लास्थिति स्थानीय तह, प्रदेश र संघीय कार्यालय लगायत गैरसरकरी संस्थाहरुबीच समन्वय गर्ने र स्थानीय तहबाट सञ्चालित विकास आयोजनाहरुको अनुगमन गर्ने मुख्य जिम्मेवारी पाएको यस समितिमा स्रोत साधनको पर्याप्तता र कार्यकारी अधिकारको सुनिश्चित नहुँदा जिल्लामा यसको प्रभाव निष्क्रिय छ।

मुलुक संघीयतामा गएपछि विगतको यस कार्यालयको रजगजको तुलना गर्दा देश साँच्चै संघीयतामा गएको हो कि भन्ने आभास हुन्छ। शासकीय प्रणालीलाई छरितो बनाउन सार्वजनिक निकायहरूको संख्याका विषयमा समीक्षा भइरहेको सन्दर्भमा जिल्ला समन्वय समितिलाई कार्यकारी अधिकार र पर्याप्त स्रोत साधनको व्यवस्था गरेर सशक्त बनाउने वा पुनर्संरचना गर्ने भन्ने विषयमा समेत बहस हुनुपर्ने देखिन्छ।

सदरमुकामको सुस्ततामा सामाजिक जीवनमा आएको परिवर्तन र यातायातको पहुँचले पनि प्रभाव पारेको महसुस गर्न सकिन्छ। अहिले गाउँगाउँमा यतायात पुगेको छ। जिल्लाका पहिले सदरमुकामबाट दुर्गम मानिएका गाउँहरूबाट जिल्ला सदर मुकाम आउनुभन्दा अन्य ठूला सहरतिरै जान सहज हुने भएर मान्छेलाई हिजोआज सदरमुकाम आउनैपर्ने बाध्यता छैन।

उक्त क्षेत्रका नागरिकहरूलाई प्रशासनिक कामले आउनै पर्ने बाध्यता बाहेक घुम्न, मनोरञ्जन गर्न र किनमेल गर्न सदरमुकामभन्दा ठूला सहरतर्फ नै सहज हुन्छ। यसका साथै, हिजोआज मान्छेको आनिबानी पनि फेरिएको छ। मान्छे ठूला सहरी सौन्दर्यताका साथै प्राकृतिक दृष्यमा पनि उत्तिकै रमाउन थालेको छ। यही अवस्थालाई मध्यनजर गरी जिल्लाभित्रका पर्यटकीय स्थलहरूको सौन्दर्यकरण र पूर्वाधार विस्तारको काम भएसँगै युवाहरुको आकर्षण पर्यटकीयस्थलहरुमा रहेको छ। उनीहरु सदरमुकाम आउनुभन्दा जिल्लामा विस्तार भएका पर्यटकीय स्थलहरुमा गएर रमाउने गर्छन्, रमाउनकै लागि जिल्ला सदरमुकामको सहर आउनु पर्दैन।

सदरमुकामको चहलपहल सुस्ताएसँगै व्यापार व्यवसाय पनि खस्किएको छ। पहिले दिनमै लाखौंको कारोबार गरेका व्यापारीहरु अहिले जेनतेन व्यवसाय धान्नुपर्ने बाध्यता रहेको बताउँछन्।

एकजना तत्कालीन गाविसका उपाध्यक्ष भन्छन्,'पहिले यहाँका किराना पसलमा मान्छेको घुइँचोले गाउँबाट आउनेले लाइनमा बसेर परैबाट चाहिएको सामानको चिट लेखेर/लेख्रुन लगाएर फालिदिन्थे तब पसलवालाले सामान पोको पारेर हिसाब दिन्थे। पसलवालाले जति भनेको छ त्यति पैसा ग्राहकले दिन्थे। त्यहाँ भिडभाडले मोलमोलाइ गर्ने अवस्था नै हुँदैन्थ्यो, सामान पाउनु नै ठूलो कुरा हुन्थ्यो।' यसरी व्यापार गरेका व्यापारीहरु हिजोआज कोही अन्तै सरेका छन्, सदरमुकाममै रहेकाहरूमा पनि उति धेरै उत्साह देखिँदैन। व्यापार, व्यवसाय र सेवा प्रवाहको दृष्टिले सदरमुकामको चाप स्थानीय तह र ग्रामीण क्षेत्रतर्फ बाँडिएको भएता पनि राजनीति, महत्वपूर्ण प्रशासनिक काम र विभिन्न गैरसरकारी संघसंस्थाका गतिविधि भने जारी छ।

विकास र प्राशासनिक पहुँचका हिसाबले जिल्ला कार्यालयहरूभन्दा सदर मुकामस्थित नगरपालिकाको भूमिका र सक्रियतामा बढोत्तरी भएको छ। यसले गर्दा सदरमुकामलाई चलायमान बनाउन मद्दत गरेको छ। तर जे भए पनि पहिलेको तुलनामा जिल्ला सदरमुकाम सुस्ताएको छ। *(स्रोतः सेतोपाटी)*

## प्याब्सन उपाध्यक्षमा...

यसअघिको कार्यकाल पनि आशिष उपाध्यक्ष र ग्रेस सहकोषाध्यक्षकै जिम्मेवारीमा रहनुभएको प्याव्सन मकवानपुरका अध्यक्ष विनोद सुवेदीले जानकारी दिनुभएको छ। मकवानपुरबाट प्याव्सन महाधिवेशनमा ३२ जना प्रतिनिधि थिए।

आशिष हेटौँडा-१० स्थित तुल्सी मेहर मेमोरियल स्कूलका संस्थापक हुनुहुन्छ भने ग्रेस हेटौँडा-३, बसामाडीस्थित शिक्षा विकास शिशु सदनकी संस्थापक हुनुहुन्छ। आशिष प्याव्सन मकवानपुरको पूर्वअध्यक्ष र ग्रेस पूर्व प्रमुख सल्लाकार रहनुभएको अध्यक्ष विनोद सुवेदीले बताउनुभयो। नवनिर्वाचित पदाधिकारीहरुको कार्यकाल ३ वर्षको रहने छ।

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

## प्रधानमन्त्री कप क्रिकेटमा बागमतीको पहिलो जीत

# मकवानपुरका शुभ कंशाकारको अर्धशतक


अर्धशतक प्रहारपछि दर्शक दीर्घामा हेर्दै मकवानपुरका शुभ कंशाकार ।

समाज संवाददाता

हेटौँडा : नेपाल क्रिकेट संघ (क्यान) को आयोजनामा जारी प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगितामा बागमती प्रदेशको टिमले पहिलो जीत दर्ता गरेको छ । शुक्रबार भएको खेलमा सुदूरपश्चिम विरुद्ध बागमतीले ५५ रनको जीन निकालेको हो । पहिले व्याटिङ गरेको बागमती प्रदेशले निर्धारित ५० ओभरमा ८ विकेटको क्षतिमा २ सय ६६ रन बनाएको थियो । २ सय ६७ रनको लक्ष्य पछ्याएर जवाफी व्याटिङमा उत्रिएको सुदुरपश्चिम प्रदेशले ४७ ओभरमा २ सय ११ रन बनाउँदै सबै विकेट गुमाउन पुगेको थियो ।

बागमती प्रदेशको जीतमा मकवानपुरे खेलाडी शुभ कंशाकारले अर्ध शतक प्रहार गरेका छन् । लुम्बिनी प्रदेशको तिलोतमामा भएको दोस्रो प्रतिस्पर्धात्मक खेलमा सुदूरपश्चिम प्रदेश विरुद्ध बागमती प्रदेश टिमका लागि मकवानपुरे खेलाडी शुभ कंशाकारले ७७ रनको महत्वपूर्ण योगदान गरे । पाँचौं ओभरमा ११ रन हुँदा व्यक्तिगत ३ रन जोडेका ओपनर रित गौतम एलबीडब्लु आउट भएपछि शुभ कंशाकार क्रिजमा आएका थिए । शुभले अर्का ओपनर आशुतोष घिरैयासँग दोस्रो विकेटका लागि महत्वपूर्ण १३२ रनको साझेदारी गरे । शुभले ६८ बलमा ७७ रन प्रहार गरे । प्लेयर अफ द म्याच कंशाकार नै घोषित भए । बागमतीका लागि आशुतोष घिरैयाले ५८ रन बनाए । यस्तै, इशान पाण्डेले ३६ रन, पृथु बास्कोटाले १५ रन, सुमन सुनारले १२ रन विवेक मगरले १० रन बनाएका थिए ।

बलिङतर्फ सुदुरपश्चिम प्रदेशका हेमन्त धामी, शेर मल्ल र सौर्य श्रेष्ठले समान २/२ विकेट लिए । यस्तै, राहुल भण्डारी, नारायण जोशीले समान १/१ विकेट लिए । सुदुरपश्चिम प्रदेशका टेक रावतले सर्वाधिक ४५ रन बनाएका थिए । यस्तै नारायण जोशीले ३९ रन, राहुल भण्डारीले २६ रन, किरण ठगुन्नाले २१ रन, निश्चल क्षेत्रीले १४ रन र शेर मल्ले १४ रन जोडेका थिए ।

बलिङतर्फ बागमती प्रदेशका लागि मकवानपुरका रिजन ढकालले ३० रन खर्चेर ४ विकेट लिएका थिए । बायाँ हाते तीब्र गतिका बलर रिजनले १ ओभर मेडन खेल्दै उत्कृष्ट प्रदर्शन गरे । रिजनले किरण ठगुन्ना, नारायण जोशी, विकास अगरी र सौर्य श्रेष्ठको विकेट लिएका थिए । यस्तै सोनु देवकोटाले ४९ रन खर्चेर ४ विकेट लिएका थिए । यस अघिको खेलमा बागमती प्रदेश एपीएफको टिमसँग पराजित हुनुपरेको थियो । बागमती प्रदेशले आइतबार लुम्बिनी प्रदेशसँग खेल्नेछ ।

# हेटौँडा-८ का वडाध्यक्षलाई पीतृशोक

समाज संवाददाता

हेटौँडा : हेटौँडा उपमहानरपालिका ८ नम्बर वडाध्यक्ष रामकृष्ण थापालाई पीतृशोक परेको छ । ७३ वर्षीय बुबा बिर्खबहादुर थापाको शुक्रबार बिहान ४ बजेको समयमा घरमै निधन भएको हो ।

स्वास्थ्य समस्याका कारण केही महिनादेखि बुबा उपचाररत हुनुहुन्थ्यो । २ महिनाअघि फोक्सोको क्यान्सर पहिचान भएको र क्यान्सरको चौथो चरणमा पुगेकोले उपचार सम्भव नभएको वडाध्यक्ष थापाले जानकारी दिनुभयो । बुबाको शुक्रबार बिहान हेटौँडा-९ स्थित त्रिवेणीधाममा अन्त्येष्टि गरिएको छ ।

# मोटरसाइकल दुर्घटनामा तामाङको मृत्यु

समाज संवाददाता

हेटौँडा : नुवाकोट जिल्लाको बिदुर नगरपालिका-४, सिचाइमा मोटरसाइकल अनियन्त्रित भई फलामको पोलमा ठोक्किएर दुर्घटना हुँदा मोटरसाइकल चालकको मृत्यु भएको छ ।

शुक्रबार साँझ ६ बजेर ३० मिनेटको समयमा भित्री सडकखण्डमा बट्टारबाट दानसिङतर्फ जाँदै गरेको बा ४६ प ८२५३ नम्बरको मोटरसाइकल अनियन्त्रित भई फलामको पोलमा ठोक्किएर दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । दुर्घटनामा मोटरसाइकल चालक तारकेश्वर गाउँपालिका-१, दानसिङका ३२ वर्षीय चतुर तामाङ गम्भीर घाइते भएका थिए । घाइते तामाङलाई उपचारका लागि जिल्ला अस्पताल त्रिशुली लगिएकोमा उपचारको क्रममा राती ७ बजेर ५ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ ।

## फोनिज बागमती प्रदेशमा पुनः श्रेष्ठ

# मकवानपुरका दिलबहादुर, निशा र अशोक पनि निर्वाचित



नवनिर्वाचित फोनिज बागमती प्रदेश समिति ।

समाज संवाददाता

हेटौँडा : आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) बागमती प्रदेश समितिमा पुनः युवराज श्रेष्ठ निर्वाचित हुनुभएको छ । रामेछाप जिल्लामा सम्पन्न तेस्रो अधिवेशनबाट शनिबार बिहान नयाँ समिति गठन भएको हो । प्रदेश अध्यक्षमा रामेछापका श्रेष्ठ दोस्रो कार्यकालका लागि सर्वसम्मत निर्वाचित हुनुभएको हो ।

फोनिज बागमती प्रदेश समितिमा मकवानपुरका दिलबहादुर लामा, निशा गुरुङ र अशोकसुजन श्रेष्ठ पनि निर्वाचित भएका छन् । प्रदेश समितिको उपाध्यक्षमा दिलबहादुर, महिला सचिवमा निशा र लेखा समिति संयोजकमा अशोकसुजन निर्वाचित भएका हुन् । फोनिज बागमती प्रदेश समितिमा महिला उपाध्यक्षमा अनिता डंगोल, महासचिवमा राजु नापित, संस्थागत सचिवमा हिरालाल गुरुङ्ग, कोषाध्यक्षमा शंकर श्रेष्ठ निर्वाचित भएका छन् ।

फोनिज बागमती प्रदेश समितिको सदस्यमा वावुकाजी श्रेष्ठ, उद्भव कुमार श्रेष्ठ, मानकाजी तामाङ्ग, रत्नकाजी प्रजापती, रवि महर्जन, जर्नेल घले, तेज नाहिरिङ्ग राई, श्यामलाल लामा, विशाल राज राई चयन भएका छन् । लेखा समिति सदस्यमा निर बहादुर तामाङ्ग, अनुशासन समिति सदस्य प्रदिप कुमार श्रेष्ठ, संघीय प्रतिनिधिमा सरस्वती श्रेष्ठ, राजेश रुम्बा लामा, श्याम राना मगर निर्वाचित भएका छन् ।

## हेटौँडामा फोहोर संकलन दौड

# ६ किलो ९८ ग्राम फोहोर संकलन गरेका लामा प्रथम


फोहोर संकलन दौडमा प्रथम, द्वितीय र तृतीय हुने सहभागीहरु ।

समाज संवाददाता

हेटौँडा : फोहोर संकलन दौडमा हेटौँडाका-९ का दिवस लामा प्रथम हुनुभएको छ । राष्ट्रिय युवा संघ नेपाल हेटौँडा उपमहानगपालिका-९ द्वारा आयोजित फोहोर संकलन दौड प्रतियोगितामा लामा प्रथम हुनुभएको हो । प्रतियोगितामा ६० जना सहभागी थिए ।

हेटौँडा-९, गुम्वाचोकदेखि मानवसेवा आश्रमसम्मको दूरी फोहोर संकलन गर्दै ४० मिनेटमा पूरा गर्नुपर्ने थियो । प्रतियोगीहरुलाई एउटा फोहोर संकलन गर्न प्लास्टिकको झोला प्रदान गरिएको थियो । ६ किलो ९८ ग्राम फोहोर संकलन गरी लामा प्रथम हुनुभएको हो । ५ किलो ९४ ग्राम फोहोर संकलन गर्नुभएका दिपु डंगोल द्वितीय हुनुभयो । ५ किलो ०६ ग्राम फोहोर संकलन गरी दिवस खतिवडा तृतीय हुनुभएको राष्ट्रिय युवा संघ नेपाल मकवानपुरका अध्यक्ष राजेश नगरकोटीले जानकारी दिनुभयो । प्रथम, द्वितीय र तृतीय हुनेलाई क्रमशः ३ हजार, २ हजार, १ हजार नगदसहित प्रमाणपत्र र मेडल प्रदान गरिएको थियो ।

सरसफाई, सचेतना र युवा सहभागिताको विषयलाई एकसाथ प्रस्तुत गर्ने गरी प्रतियोगिता आयोजना गरिएको बताइएको छ । राष्ट्रिय युवा संघ नेपाल हेटौँडा-९ का अध्यक्ष सुदर्शन भट्टराईको सभाध्यक्ष तथा राष्ट्रिय युवा संघ नेपालको लेखा समिति संयोजक सन्तोष चौलागाईको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा बागमती प्रदेश सभा सदस्य एकालाल श्रेष्ठ, नेकपा एमाले केन्द्रीय सदस्य रामेश्वर रानाको पनि उपस्थिति रहेको थियो । प्रतियोगितामा सहभागी ६० जनाले ८० किलो फोहोर जम्मा गरेको नगरकोटीले जानकारी दिनुभयो ।

# मामाघरमा बस्दै आएका विराज मृत फेला

समाज संवाददाता

हेटौँडा : चितवन जिल्लाको भरतपुर महानगरपालिका-११, कमलामाई टोलमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा पर्सा जिल्लाको विरगंज महानगरपालिका-१६ घर भई हाल कमलामाई टोलमा मामाघरमा बस्दै आएका ३२ वर्षीय विराज राउत रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । शुक्रबार बिहान ७ बजेर ४० मिनेटको समयमा राउत मृत अवस्थामा फेला परेका थिए । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि भरतपुर अस्पताल लगिएको प्रहरीले जानकारी दिएको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं
The Voice of Community

हार्दिक श्रद्धाञ्जली
जन्मः २००४/०४/१०
स्वर्गारोहणः २०८१/११/२०

स्व. हरिशरण ढकाल
यस संघका निवर्तमान अध्यक्ष श्री श्याम सुन्दर ढकाल, साधारण सदस्य श्री रङ्गनाथ ढकालको पुजनिय पिता एवम् पजिता निर्माण सेवाका प्रोप्राइटर तथा अग्रज निर्माण व्यवसायी हरिशरण ढकालको २०८१ फाल्गुण २० गते भएको असामयिक निधनप्रति संस्था गहिरो दुःख व्यक्त गर्दछ । यस दुखद् घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति धैर्यधारणा गर्ने शक्ति प्रदान गरून् भन्दै ईश्वरसँग प्रार्थना गर्दछौं ।
राजेन्द्र प्रसाद चौलागाई, महासचिव
बालगोपाल कंडेल, अध्यक्ष
निर्माण व्यवसायी संघ मकवानपुर
हेटौंडा परिवार

हार्दिक श्रद्धाञ्जली
जन्मः १९९४/०९/२६
स्वर्गारोहणः २०८१/११/१९

स्व. टिका माया न्यौपाने
नारायणी बहुउद्देश्यीय सहकारी संस्था लि.का निवर्तमान अध्यक्ष श्री रामहरि न्यौपाने, मकवानपुर उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष श्री राजकुमार न्यौपानेको ममतामयी माता तथा पशुपतिनगर हेल्थ क्लबका कोषाध्यक्ष श्री सति न्यौपानेको सासुआमा टिकामाया न्यौपानेको २०८१ फाल्गुण १९ गते भएको असामयिक निधनप्रति संस्था गहिरो दुःख व्यक्त गर्दछ । यस दुखद् घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति धैर्यधारणा गर्ने शक्ति प्रदान गरून् भन्दै ईश्वरसँग प्रार्थना गर्दछौं ।
राजेन्द्र प्रसाद चौलागाई, महासचिव
बालगोपाल कंडेल, अध्यक्ष
निर्माण व्यवसायी संघ मकवानपुर
हेटौंडा परिवार

हेटौँडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौँडा रिफरेन्स ल्यावरोटरी
हेटौँडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ